परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ / अंक : १४२/पृष्ठ ४ /२०८० कार्तीक १५ गते, बुधबार / 1 Nov., 2023 / मूल्य रु. ५/-



**मलेसियालाई ६ विकेटले पराजित गर्दै जित्यो नेपाल**

समाचार पृष्ठ २ मा

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

प्रिन्सिपल सर्राफ हत्या प्रकरण

## सर्राफको हत्या उनको प्रेमिकाका अर्का ब्वाइफ्रेण्डले गरेको खुलासा



● टक नेपाल

वीरगञ्ज । बाराको कलैया स्थित बाल एकता स्कूलका प्रधानाध्यापक (प्रिन्सिपल) रुपेश सर्राफको हत्या उनकै प्रेमिका र उनका ब्वाइफ्रेण्डको संलग्नता रहेको खुलेको छ । घटनामा संलग्न एक महिलासहित ६ जना पक्राउ परेको र उनीहरूले दिएको बयानका आधारमा सर्राफको हत्याको कारण खुले को प्रहरीले जनाएको हो । प्रहरीका अनुसार प्रिन्सिपल सर्राफ एक महिलासँग विवाहेत्तर प्रेम सम्बन्धमा थिए । ती महिलाका अर्का ब्वाइफ्रेण्डले सर्राफको हत्या गरेका हुन् । बाराका प्रहरी उपरीक्षक (एसपी) सुरेश काफ्लेका अनुसार विवाहित सर्राफसँग प्रेममा रहेकी महिला अर्का एक जना पुरुषसँग पनि रिलेसनसीपमा थिइन् । ती पुरुषले सर्राफलाई आफ्नी प्रेमिकासँग सम्बन्ध तोड्न बारम्बार दबाब दिँदै आएका थिए । तर, प्रेममा डुबेका सर्राफले प्रेमिका छाड्न मानेका थिएनन् । महिलाका अर्का प्रेमीले गत साउन १३ र भदौ २८ गते पनि सर्राफलाई गोली हान्ने प्रयास गरेका थिए तर सफल नभएको एसपी काफ्लेले बताए । सर्राफ हत्यामा महिलाले दोहोरो भूमिका निर्वाह गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पक्राउ परेकी महिलाले अर्का प्रेमीले कि आफूलाई मार्ने कि सर्राफलाई मार्ने धम्की दिएपछि आफूले सर्राफको हत्या गर्न सहयोग गरेको बयान प्रहरीलाई दिएकी छन् । घटना संलग्न पाँच जना पुरुष र एक जना महिलालाई प्रहरीले पक्राउ गरिसकेको छ । पक्राउ परेकाको परिचय नखुलाएको प्रहरीले आज मङ्गलवार दिउँसो पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने तयारी गरेको छ । सोमबार दिउँसो साढे १२ बजे तिर स्कुल नजिकै सडकमा मोटरसाइकलमा घर तर्फ जाँदै गरेका सर्राफमाथि भारतीय नम्बर प्लेटका दुई वटा मोटरसाइकलमा आएका चार जना अपरिचित व्यक्तिहरूले गोली चलाएका थिए । ३५ वर्षीय सर्राफको घाँटी, टाउको र छातीमा गरी तीन राउन्ड गोली लागेको थियो । गोली लागेर घाइते भई ढलेका उनलाई स्थानीयले उद्धार गरी कलैयास्थित प्रादेशिक अस्पतालमा पुऱ्याएका थिए । त्यहाँ उनलाई प्राथमिक उपचार गरी वीरगञ्जस्थित नेपाल मेडीसिटी वयोधा हस्पिटलमा लागिएको थियो । त्यहीँ उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## डिजेल र मट्टी तेलको मूल्य घट्यो

● टक नेपाल




काठमाडौं । डिजेल र मट्टीतेलको भाउ प्रतिलिटर ४ रुपैयाँले घटेको छ । नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसन (आईओसी) बाट घटेर आएको नयाँ मूल्यपछि डिजेलको मूल्य घटाएको हो । निगममा प्रवक्ता मनोजकुमार ठाकुरका अनुसार राति १ बजे देखि नयाँ मूल्य लागु हुने छ । निगम व्यवस्थापन समितिको निर्णयअनुसार स्वचालित मूल्य समायोजन कार्यविधिलाई यथावत राख्दै डिजेलको मूल्य घटाइएको उनले बताए । अब काठमाडौं उपत्यकामा डिजेल र मट्टीतेलको उपभोक्ता प्रतिलिटर कायम भएको मूल्य प्रतिलिटर १६४ रुपैयाँ निगमले जनाएको छ ।

## जुवातास खेलिरहेको अवस्थामा ४६ जना पक्राउ

● टक नेपाल

काठमाडौं । देशका विभिन्न स्थानबाट जुवातास खेलिरहेको अवस्थामा ४६ जना पक्राउ परेका छन् । काठमाडौं महानगर पालिका-२६ सामाखुसी टाउन प्लानिङ बस्ने अप्सरा मल्लको घरमा जुवातास खेलिरहेको अवस्थामा म्याग्दी घोरेपानी घर भई हाल काठमाडौं बुढानिलकण्ठ नगरपालिका नारायणथान बस्ने २६ वर्षीया यम कुमारी पुन समेत ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद १ लाख ९९ हजार रूपैयाँ र ३ बुक तासससहित पक्राउ गरेको हो । काठमाडौंकै तारकेश्वर नगर पालिका-८ जरक्षु बस्ने नुवाकोट किस्पाङ गाउँपालिका-२ घर भएका ३९ वर्षीय पूर्ण बहादुर रानाको खाजा घरभित्र जुवातास खेलिरहेको अवस्थामा राना समेत ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । जुवा खेलिरहेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद १९ हजार ५ सय रूपैयाँ र ३ बुक तासससहित पक्राउ गरेको हो । बाँकेको कोहलपुर नगर पालिका-३ मदनचोक बस्ने बिष्णु खरेलको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-४ बस्ने ४१ वर्षीय दिपक कुमार ढकाल समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद ३५ हजार ९ सय ५५ रूपैयाँ र २५ गड्डी तासससहित पक्राउ गरेको हो । धादिङको निलकण्ठ नगर पालिका-३ एमाले चोक नजिक बस्ने आशिष श्रेष्ठको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३८ वर्षीय ईश्वर खतिवडा समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धादिङबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद ४२ हजार ८ सय २५ रूपैयाँ र ३ बुक तासससहित पक्राउ गरेको हो ।

आजको PDF अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !



जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)

हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा

हेल्थ बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# सुरक्षामाथि गम्भीर चुनौति

कुनै समय यस्तो थियो, बारा र पर्सामा सहज रुपमा आम नागरिकहरु हिड्न पनि निकै अप्ठेरो थियो। कतिबेला गोली हानेर कसको हत्या हुने हो भन्ने ठेगान थिएन तर आज फेरि त्यही नियति दोहोरिएको छ, दोहोर्याइएको छ। बाराको सदरमुकाम कलैयामा एक निजी विद्यालय संचालकमाथि गोली प्रहार गरिएको छ। समाजसेवी समेत रहेका रुपेश सरार्फमाथि सोमवार दिउँसै भएको गोली प्रहारको घटनाले फेरि एक पटक यस क्षेत्रको शान्ति सुरक्षाको विषयमा गम्भीर प्रश्न खडा भएको छ।मुख्यतः बारा र पर्सा भारतसंग सीमा जोडिएको स्थान भएकाले पनि यो क्षेत्रमा केही वर्षदेखि शान्त रहेको बारा क्षेत्रमा फेरि सोमवार भएको घटनाले सबैलाई स्तव्ध बनाएको छ। अनि सुरक्षाका विषयमा फेरि चुनौतिसंगै त्रासको वातावरण पनि सृजना भएको छ। शान्ति सुरक्षाको सवालमा प्रहरी प्रशासनले लिएको अहिलेको नीतिमा पनि फेरबदल आवश्यक देखिएको छ।जे कारणले भए पनि त्यो जघण्य अपराध नै हो। यस्तो अपराधमा संलग्नहरुलाई कारबाहीको दायरामा ल्याउनु नेपाल र भारत दुबै देशका सुरक्षा निकायको जिम्मेवारी हो। कलैयामा भएको घटनामा भारतीय अपराधीहरुको संलग्नता हुन सक्ने आशंका गरिएकाले पनि अब नेपाली र भारतीय सुरक्षा निकायकाबीचमा पनि समन्वय आवश्यक देखिएको छ। जस्तै भएपनि अपराधमा संलग्नहरुलाई कानुनी दायरामा भने ल्याउन आवश्यक छ। यसका लागि दुबै देशका सुरक्षा निकाय लाग्न जरुरी छ।

## नक्कली शैक्षिक प्रमाणपत्र बनाएको
# आरोपमा ग्राफिक्स डिजाइनर पक्राउ

• टक नेपाल



काठमाडौं। नक्कली सर्टिफिकेट बनाएको आरोपमा एक ग्राफिक्स डिजाइनर पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले नक्कली सर्टिफिकेट बनाएको आरोपमा काठमाडौं महानगर पालिका वडा नं. ३२ बस्ने २३ वर्षीय साइरस विसंखेलाई सोमवार पक्राउ गरेको हो। प्रहरीका अनुसार कात्तिक १ गते भिजिट भिसामा विदेश जान लागेका व्यक्तिहरू शंकास्पद रहेको भन्दै त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा केही कागजहरू पठाइएको थियो। त्यही कागजमध्ये राहुलकुमार मण्डलको नामको कक्षा १२ को एकेडेमिक ट्रान्सक्रिप्ट सर्टिफिकेट नक्कली देखियो। त्यसपछि प्रहरीलाई प्राप्त गोप्य सूचनाका आधारमा विसंखेलाई पक्राउ गरिएको हो। कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेका विसंखेले एक हजार भन्दा बढी सर्टिफिकेट बनाएको खुलेको छ। प्रहरीले उनीसँग भएको फोन तथा सीपीयू बरामद गरी थप अनुसन्धानका लागि प्रहरी वृत्त नयाँ बानेश्वर पठाएको छ।

# मलेसियालाई ६ विकेटले पराजित गर्दै जित्यो नेपाल

• टक नेपाल



काठमाडौँ। आइसिसी ट्वान्टी- २० विश्वकप एसिया छनोटअन्तर्गत आज भएको खेलमा नेपालले मलेसियालाई छ विकेटले पराजित गरेको छ। जारी प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जीत हो। यसअघि हिजो भएको पहिलो खेलमा नेपालले सिंगापुरलाई आठ विकेटले पराजित गरेको थियो। कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको मलेसियाले प्रस्तुत गरेको एक सय ६६ रनको लक्ष्य नेपालले १८ ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो। नेपालको जीतका लागि कुशल मल्लले बिस्फोटक ब्याटिङ गर्दै अर्धशतकीय पारी खेले। उनले ३४ मा सात छक्का र दुई चौकासहित ६५ रन बनाए। साथै ओपनर कुशल भुर्तेलले चार छक्का र चार चौकाको सहयोगमा महत्वपूर्ण ४३ रन र आशिफ सेखले दुई छक्का र एक चौकाको सहयोगमा ३२ रन बनाए। त्यसैगरी सन्दीप जोराले १८ र कप्तान रोहित पौडेल र विवेक यादवले दुई/दुई रन बनाए। मलेसियाका लागि मोहम्मद अमिरले तीन र पवनदीप सिंहले एक विकेट लिए। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ६५ रन बनायो। मलेसियाले राम्रो सुरुवात गरे पनि मध्यक्रमका ब्याटर चल्न सकेनन्। उसका लागि ओपनर एवम् विकेटकिपर सैयद अजिजले सर्वाधिक ६८ रन बनाए। उनले ४९ बलमा दुई छक्का र आठ चौका प्रहार गरे। साथै जुवैदी जुल्किल्फले २४, शाविन मेनाइडी र विजय उन्नीले समान १३ /१३ रन बनाए। नेपालका लागि अविनाश बोहोराले चार विकेट लिए भने सन्दीप लामिछाने, गुलसन झा रोहित पौडेलले एक/एक विकेट लिए। नेपाल प्रतियोगिताको समूह एमा छ। नेपालको समूहमा सिंगापुर, मलेसिया, ओमान छन् भने समूह बीमा संयुक्त अरब इमिरेट्स (यूएई), हङकङ, बहराइन र कुवेत छन्। नेपालले तेस्रो खेल यही कात्तिक १६ गते ओमानसँग खेल्नेछ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



• टक नेपाल

काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ। मंगलबार नेप्से परिसूचक १४ दशमलव २९ अङ्कले घटेर एक हजार आठ सय ६४ दशमलव ४० को बिन्दुमा कायम भएको हो। विभिन्न दुई सय ८६ कम्पनीका २२ लाख ५८ हजार एक सय ८७ कित्ता शेयर २५ हजार छ सय २५ पटक खरिदबिक्री हुँदा रू ५७ करोड १४ लाख ८३ हजार दुई सय ७६ बराबरको कारोबार भएको छ। मंगलबारको कारोबारमा सबै समूहको उपसूचक रातो देखिएका छन्। सबैभन्दा धैरै जीवन बीमा समूह एक दशमलव ४६ र लघुवित्त समूह शून्य दशमलव ८४ प्रतिशतले घटेको छ। मंगलबार सबैभन्दा धैरै माहुली लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ०५ प्रतिशतले बढेको छ। सबैभन्दा धैरै घट्नेमा भने सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्यमा नौ दशमलव ९८ प्रतिशतको गिरावट देखिएको छ। कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धैरै सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रू एक करोड ७० लाख ११ हजार चार सय ७८ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने प्रभु स्मार्ट फन्डको सबैभन्दा धैरै एक लाख १७ हजार तीन सय कित्ता शेयर किनबेच भएको छ।

cdl]/sfdf
a;fkf; tyf /fhuf/sf]
;ghf]cj;/
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टूडियो
मेनरोड बर्दिबास-१, महोत्तरी
सम्पर्क नं. : ०४४-५५०५९५/९८५४०२०५९५

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | रमणीय र सुखद् यात्राको योग छ। राज्यबाट मान सम्मान पाइनेछ। | तुला | रकम खर्च भए पनि काम अड्किन सक्छ। |
| बृष | आज समय मध्यम खालको छ। भौतिक साधन बिग्रनाले पनि लक्ष्य प्राप्त गर्न समय लाग्नेछ। | वृश्चिक | बोलीको प्रभाव पनि बढ्नेछ नयाँ कमको थालनी हुनेछ। राजनैतिक चिन्तन बढ्नेछ। |
| मिथुन | नाम, दाम र प्रतिष्ठा प्राप्त हुनसक्छ। परोपकारका क्षेत्रमा लगानीको समय छ। | धनु | अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। |
| कर्कट | आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ। | मकर | काम सन्तोषजनक नभए पनि फाइदै हुनेछ। |
| सिंह | आफ्नो प्रयास र कामधन्दाबाट दीर्घकालिक फाइदा पुग्न सक्छ, त्यसैले आफ्नो विचार र योजनालाई रचनात्मक रूप प्रदान गर्ने प्रयास गर्दा राम्रो। | कुम्भ | आँटेको काम गर्न बिहानै जुट्नुहोला। |
| कन्या | सहयोगी र नातागोताको साथ पनि नमिल्ला, तर साँझमा भने केही शुभ समाचार सुन्नमा आउला। | मीन | बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

# बिन र डोम समुदाय चाडपर्वलक्षित सामान बनाउन व्यस्त

• टक नेपाल



महोत्तरी । कात्तिक कृष्णपक्ष सुरु भएसँगै मधेशको प्राचीन मिथिला क्षेत्रका बिन र डोम समुदायमा व्यस्तता बढेको छ । दीपावली तथा छठ पर्वका लागि आवश्यक पर्ने बाँसको डाली, छिटी, नाइलो, चाल्नो, पङ्खा, कोनीया र अन्य खेलौना बनाउन उनीहरूमा व्यस्तता बढेको हो । ती पर्वमा यस्ता सामग्री आवश्यक पर्ने भएकाले बिन र डोम समुदाय अहिले यस्ता सामान बनाउन कम्मर कसेर लागि परेका छन् । घर आँगनमा आइपुगेका अतिथिलाई मुखैले शिष्टाचार गरे पनि प्रकाश मरिक डोमको हात भने कप्टेरा उन्दै छिटी बनाउनमै व्यस्त देखिन्छ । माग भएका सामग्री तयार गर्न भ्याइनभ्याइ भएकाले उनी सहित बस्तीका डोम र बिन समुदायको व्यस्तता बढेको हो । भङ्गाहा नगरपालिका-५ सिद्धपुर बस्तीको मुखमै सानो खरले छाएको झुप्रोमा प्रकाश दिनरात डाली, छिटी, नाइलो-चाल्नो, पङ्खा, कोनीयाँ र अन्य खेलौना बनाउन तल्लीन छन । राति अबेरसम्म चोया र कप्टेरा चलाउँदा चलाउँदै सुते पनि बिहान आँखा उघ्रना साथ त्यही चोया र कप्टेरामा हात पुऱ्याउनु परेको उनको भनाई छ । सोही वडाकै सीतापुर बस्तीका पञ्चु बिनलाई पनि अहिले पर्व केन्द्रित चोयाका सामान बनाउन भ्याइनभ्याइ छ । प्रकाश र पञ्चुजस्तै विपन्न बिन र डोम समुदायमा यस्ता चाडपर्वमा आफ्नो सीपले बजार पाउनका साथै आम्दानी पनि हुने भएपछि खुसी छाएको छ । अहिले बाँस खोजेर ल्याउने, फट्याउने, कप्टेरा र चोया काढ्ने र मागअनुसारका समान बुन्ने काममा ती समुदायका परिवार का सबै सदस्य व्यस्त देखिन्छन् । घरमुलीदेखि पाँच-सात वर्ष उमेर कटेका नानीहरू पनि काममा लागेका देखिन्छन् । अन्य बेला अभावमै बित्ने ती समुदायमा मिठो मसिनो खाने, राम्रा लुगा लाउने र बालबालिकाको रहर पूरा गर्ने भाखा पनि घरमूलीले दीपावली र छठसँग जोड्ने गर्छन् । "के गर्नु हजुर, वर्षभरिको खर्चको जोहो गर्ने बेला यही हो, अहिले चुके वर्षभरि नगद देख्न पाइँदैन" भङ्गाहा-५ सिद्धपुर को डोम बस्तीका अगुवा प्रकाश भन्छन्-, "स-साना नानीहरूको रहर र चाहना हामीले यही पर्वमा पूरा गर्ने सोच बनाएका हुन्छौं ।" अन्य बेला आफ्ना सीपको खासै माग नहुने हुँदा वर्षभरिका लागि खर्चको जोहो पनि यसै बेला गर्नुपर्ने भएको उनको भनाइ छ । चोयाका सामग्री अडर गर्न आउने ग्राहक बाक्लिएपछि स-साना नानीको माग पनि बढ्ने गरेको छ । "माय, दिवाली आ छठमें हम गुड्डी उडायब्, हमरा बहुते रङ्गके गुड्डी ला दिहे" (आँमा, म तिहार र छठ पर्वमा चङ्गा उडाउँछु, मलाई रङ्गीबिरङ्गी चङ्गा ल्याइदिनुहोला) चोयाका समान बुनिरहनुभएकी बर्दिबास-१ की रामकली मरिकको छेउमै खेल्दै आइपुगेका सात वर्षीय छोरा विरुपा मरिकको माग थियो । रामकलीले विरुपालाई दिवालीमै चङ्गा ल्याइदिने आश्वासन दिएका छन । "गरिब छौं, चाहिँदो खर्चको पनि अभाव छ तर नानीको मन त हो, गाउँमा अन्य समुदायका नानीका हातमा जे देख्छन्, घर आएर त्यसैको फर्माइस गर्छन्," लोहारपट्टी नगर पालिकाको डोठारा बस्तीका झमलाल मरिक भन्छन्, "नानीहरूले भनेको कुरा दिन नसक्दा मन कुँडिन्छ, यतिबेला भने आफ्नो गच्छेले भ्याएसम्म नानीहरूको रहर पूरा गर्छौं ।" मुलुकमा अवसरबाट पछि परेका सीमान्तकृत गरिब र दलितहरूको उत्थानका लागि सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको बताइए पनि त्यस्ता कार्यक्रम ती समुदायसम्म नपुगेको सामाजिक अभियन्ताहरूको टिप्पणी छ । सरकारी कार्यक्रमहरूको प्रभावकारी अनुगमन नहुँदा अवसरबाट पछि पारिएका डोमसहित अन्य समुदायको उत्थानको काम हुन नसकेको भङ्गाहा-९ की नेतृ किरण यादव बताउछिन ।

-रासस

# भारतीय लगानीमा निर्माण हुन....

छ वटा विद्यालयमध्ये राष्ट्रिय आधारभूत जटहीको विद्यालयबाहेक पाँच विद्यालयमा ६८ प्रतिशत मात्र निर्माण भएको भने छत ढलानसम्मको काम भएको छ । २०६८ सालमा दुई करोड ९१ लाखमा ठेक्का लिएको चेतना युके एण्ड जेभी निर्माण सेवा कम्पनीले १२ वर्षमा पनि काम सम्पन्न नगरेपछि विद्यालय भवन अलपत्र परेका छन् । सम्झौताअनुसार निर्माण कम्पनीले दुई पटकसम्म म्याद थप गराई काम नगरेपछि विद्यालयको पठनपाठन समेत प्रभावित बनेको प्राधानाध्यपकहरुको भनाइ छ । काम अलपत्र छाडेपछि सङ्घीय आयोजना कार्यान्वयन इकाई कार्यालय जनकपुरले निर्माण कम्पनीलाई डेढ वर्षका लागि काँचो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाएको थियो भने उक्त काम यही साउनमा द डिजाइनर्स ने पाललाई एक वर्षमा काम सम्पन्न गर्नेगरी दुई करोड ६८ लाख रुपियाँमा ठेक्का लगाएको छ । सङ्घीय आयोजना कार्यान्वयन इकाई जनकपुरका प्रमुख प्रदीप खनालका अनुसार पुरानो कम्पनीको ठेक्का तोडी, जमानत जफत गरिएको छ भने पछिल्लो समयको जानकारी अनुसार निर्माण कम्पनी युके एण्ड जे भीलाई सार्वजनिक खरिद ऐन अनुसार डेढ वर्षका लागि कालो सूचिमा समेत राखिएको छ । सम्झौता अनुसार १८ महिनामा काम सम्पन्न हुनु पर्नेमा निर्माण कम्पनीले समयमा काम सम्पन्न नगर्दा भवन अलपत्र परेको हो । काम छाडेको निर्माण कम्पनीलाई सम्झौता भएको रकमको भुक्तानीमध्ये ७७ लाख मात्र भुक्तानी दिन बाँकी रहेको इकाईका प्रमुख खनालले जानकारी दिनुभयो । भारतीय लगानीमा निर्माण हुन लागेको उक्त भवनमा पाँच वटा कक्षा कोठासँगै प्रधानाध्यापकको कोठा र महिला पुरुषका लागि छुट्टाछुट्टै शौचालय निर्माण गर्ने गर्नुपर्ने थियो । विद्यालय भवन निर्माणका लागि भारतले चार करोड २३ लाख रुपियाँ सहयोग गरेको थियो । सोही रकममध्येबाट १२ वर्ष पहिला विद्यालय भवनको निर्माण कार्य थालनी भएको थियो ।

# आममाफी दिने निर्णयविरुद्धको सुनुवाइ आज

• टक नेपाल

काठमाडौं । सर्वोच्च अदालतले योगराज ढकाल (रिगल) कैद मिनाह गरी आममाफी दिने निर्णयविरुद्धको सुनुवाइ आज पूरा नभएपछि बुधबार पुन : हुने भएको छ । न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, सपना प्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासमा आज भएको सुनुवाइमा सरकारी पक्षले बहस भएको थियो । आज महान्यायाधिवक्ता डा दिनमणि पोखरेल, नायब महान्यायाधिवक्ता विश्वराज को इराला र नायब महान्यायाधिवक्ता सञ्जिवराज रेग्मीले सरकारका तर्फबाट बहस गर्नुभएको थियो । बुधबार बाँकी सुनुवाइ हुनेछ । संविधान दिवसका अवसरमा यही असोज ३ मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो गराज ढकालको कैद मिनाहा भएको थियो । राष्ट्रपतिको निर्णयविरुद्ध हत्या गरिएका चेतन मानन्धरको पत्नी भारती शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । उक्त रिट निवेदनमा सुनुवाइ भएको हो । निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेको नेतृत्वमा बहस भएको थियो । गत असोज २५ गते प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ, न्यायाधीशहरू डा आनन्दमोहन भट्टराई र कुमार रेग्मीको पूर्ण इजलासमा सुनुवाइ प्रारम्भ भए पनि हेर्न नमिल्ने भएपछि आजका लागि सुनुवाइ तय गरिएको थियो । गत असोज १८ गते न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले रिगललाई आममाफी दिन सिफारिस गर्नुपर्नेको कारणसहितको सम्पूर्ण सक्कल मिसिल गत असो ज २४ गतेभित्र झिकाउन आदेश गरेको थियो । साथै, अदालतले कानुनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा पूर्ण इजलासमा पेश गर्नका लागि उपयुक्त देखिएकाले अर्को सुनुवाइका लागि पूर्ण इजलासमा पेशी व्यवस्थापन गर्नसमेत आदेश दिएको थियो ।

प्रो. सुरेश चौधरी मो. ९८५११०९९१९, ९८०६८००९१९

श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र

बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

## राहदानी हराएको सूचना !

मिति २०८०-०७-१० गते जि. धनुषाको पष्पवलपुरबाट ढल्केवर तर्फ आउने क्रममा तपसिल बमोजिमका राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी चौकीमा जानकाी गराइदिनु हुन यसै सूचना मार्फत अनुरोध गर्दछु ।

नाम : सुदिप कुमार सादा
राहदानी नं. : 11791333
जन्म मिति : 14-03-1992
ना.प्र.नं. : १७१०९९/६९
ठेगाना : मिथिला न.पा. ४, पुष्पवलपुर (धनुषा)
मो. : 9800803842

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल

साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर

बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)



हाम्रो सेवाहरु
- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा मिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ

विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा

9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।



सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७

सम्पर्कको लागि

श्री कुसुम कृषि सहकारी संस्था

बर्दिबास, महोत्तरी

वडाध्यक्ष कुटपीट प्रकरण :

# प्रहरीलाई कारबाही नगरिए आन्दोलनमा उत्रने चेतावनी



● टक नेपाल

वीरगन्ज । वीरगन्ज महानगर पालिका -७ का वडाध्यक्ष हिराकाजी महर्जनलाई कुटपिट गरी घाइते बनाउने प्रहरीलाई कारबाही नगरिए चरणबद्ध आन्दोलनमा उत्रिन चेतावनी महानगरका जनप्रतिनिधिहरुले दिएका छन् । सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामा तीन दिने अल्टिमेटमसहितको ज्ञापनपत्र बुझाउँदै महानगरका ३२ वटै वडाका वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले दोषी प्रहरीलाई तीनदिनभित्र कारवाही नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएका हुन्। प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई महानगरका जनप्रतिनिधिहरुले बुझाएको ज्ञापनपत्रमा चरणबद्ध आन्दोलन अन्तर्गत पहिलो दिन ३२ वटै वडा कार्यालयमा वडाध्यक्षहरुले हातमा कालो पट्टी बाँधेर काम गर्ने, दोस्रो दिन वडा कार्यालयमा बिहान १० देखि दिउँसो १ बजेसम्म सेवा प्रवाह ठप्प पार्ने, तेस्रो दिन दिनभर वडा कार्यालयको सेवा प्रवाह बन्द गर्ने र चौथोदिन वीरगन्जको घणटघर चोकमा विरोध प्रदर्शन गर्ने उल्लेख छ । त्यति गर्दासमेत दोषी प्रहरीलाई कारबाही नगरिए दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणाा गरिने वीरगन्ज महानगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष बैजुलाल स्वर्णकारले बताए । वडाअध्यक्ष महर्जनलाई दसैंको महाष्टमीको राति इलाका प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक सन्तोष तुराहाले कुटपिट गरेर घाइते बनाएकोले उक्त घटनाको सत्यतथ्य छानबिन गरी कारबाही गर्नुपर्ने आफूहरुको माग रहेको वीरगन्ज २० वडाध्यक्ष रामकिशोर सिंह परागले बताए। यसअघि नेपाली कांग्रेस पर्साले पनि वडाध्यक्ष महर्जनलाई कुटपिट गर्ने प्रहरी नायब निरीक्षक तुराहालाई कार बाहीको माग गर्दै गत शुक्रबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको थियो । कार्तिक ५ गते महाष्टमीका राति रेल्वेरोडस्थित हनुमान मन्दिरमा भइरहेको धार्मिक भजनकिर्तन कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको र वडाध्यक्ष महर्जनले धार्मिक कार्यमा बाधा नगर्न आग्रह गर्दा प्रहरी नायब निरीक्षक तुराहाले वडाध्यक्ष महर्जनलाई कुटिपट गर्नुकासाथै रातभर प्रहरी थुनामा राखेका थिए । प्रहरीले उनलाई कार्तिक ६ गते बिहान मात्र छाडेको थियो । कुटपिटबाट घाइते महर्जनको आँखामा गम्भीर चोट लागेको छ ।


## घर भाडा सम्बन्धी सूचना



महोत्तरीको गौशाला नगरपालिका ५ स्थित समिर गेष्ट हाउस रहेको भवनको पहिलो तला खाली रहेको हुँदा भाडामा लिन चाहनु हुने व्यक्ति अथवा संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ।

**घरधनीको नाम : साबिर हुसेन**
**ठेगाना : गौशाला नगरपालिका ५**
**मो. : 9819879988, 9844275864**


# भारतीय लगानीमा निर्माण हुन लागेको विद्यालय भवन अलपत्र

● लक्ष्मी चौधरी



नगराईन नगरपालिकाको जटहीमा अवस्थित भारतीय लगानीमा निर्माण हुन लागेको विद्यालय भवन अलपत्र अवस्थामा । तस्बिर: लक्ष्मी चौधरी

जनकपुरधाम। धनुषामा भारतीय लगानीमा निर्माण हुन लागेको विद्यालय भवनको निर्माण कार्य अधुरो हुँदा उक्त विद्यालयहरूले थप कार्यक्रम पाउन सकेका छैन। धनुषा जिल्लाको नगराइन नगर पालिकास्थित भारतीय लगानीमा निर्माण हुन थालेको छ वटा सामुदायिक विद्यालयको भवन १२ वर्ष बित्दा पनि सम्पन्न हुन नसकेपछि विद्यालयमा आवश्यक थप शैक्षिक कार्यक्रम ल्याउन नसकिएको हो । पालिकाको ६ वटा सामुदायिक विद्यालयका कक्षा कोठाहरू निर्माण गर्ने भनी आएको बजेटबाट काम सम्पन्न नहुँदा विद्यालयका लागि थप शैक्षिक कार्यक्रम समेत सम्बन्धित निकायले दिन नमाने को प्राध्यापकहरूको भनाइ छ। पालिकाको जटहीस्थित राष्ट्रिय आधारभूत विद्यालय बाहेक पाँचवटै विद्यालयको छत ढलानपछि बिचमै काम छाडेर निर्माण कम्पनी भागेपछि भवन अभावमा पठनपाठनमा समेत प्रभाव भएको छ। साथै एउटै कक्षा कोठामा दुई वटा कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको जटिहीस्थित राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक अनुजकुमार मिश्रले बताउनुभयो। उहाँका अनुसार भवन निर्माण नहुँदा सम्बन्धित निकायले थप कार्यक्रम तथा योजना दिन मानेका छैनन् । कक्षा कोठाको अभावमा एउटै कक्षा कोठामा दुई वटा कक्षा सञ्चालन गर्दा पढाइमा समेत असर परेको उहाँ बताउनुहुन्छ। चाँडो भवन निर्माण कार्य सम्पन्न भयो भने विद्यालयलाई थप सुधार गर्न सकिने प्रधानाध्यापक मिश्रको भनाइ छ। यस्तै, नगरपालिका वडा नं. २ स्थित राघोपुरमा अवस्थित राघोबाबा आधारभूत विद्यालयका प्रधानाध्यापक रामचन्द्र मण्डल भन्नुहुन्छ, "आजभोलि भवन तयारी हुने भन्दाभन्दै यतिका वर्ष बित्यो । कठिनाइमा पनि बालबालिकालाई पढाई रहेका छौं। कक्षा कोठा नहुँदा बाध्य भएर एउटै कोठामा दुई वटा कक्षा सञ्चालन गर्नु परेको छ।"

»» बाँकी पृष्ठ ३ मा

# उखु किसानलाई समयमै भुक्तानी दिन सरकारको ध्यानाकर्षण

● टक नेपाल



काठमाडौँ । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति आरजु देउवाले उखु किसानले समयमै भुक्तानी प्राप्त गर्ने वातावरण निर्माण गर्न सरकार लाई ध्यानाकर्षण गराउनुभएको छ । समितिको आजको बैठकमा सभापति देउवाले साना, मझौला र ठूला किसानको पहिचान छुट्याएर आवश्यक अनुदान तथा ऋण उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो। उहाँले किसानलाई अनुदान उपलब्ध गराउनुपर्नेमा जोड दिँदै बजेटको अभावमा किसान कार्यक्रम सञ्चालन हुन नसकेको बताउनुभयो । साथै, उहाँले कृषि क्षेत्रको विकासका लागि पर्याप्त बजेट विनियोजन गर्न सरकारलाई आग्रह गर्नुभयो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव रेवतीरमण पौडेलले बैंक तथा वित्तीय संस्थाबाट किसानलाई सहजरूपमा ऋण उपलब्ध हुनुपर्ने बताउनुभयो । अर्थसचिव रामप्रसाद घिमिरेले किसानलाई दिएको अनुदान र सहुलियत ऋणबारे समीक्षा गर्न आवश्यक भएको बताउनुभयो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले छिमेकी मुलुक भारतलाई चिनीको आयात खोलिदिन भारतलाई आग्रह गरेको बताउनुभयो ।


"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)

सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४





बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com